आज मिति २०८० साल मंसिर २९ गतेका दिन बिहान ९ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्वर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | टामन सिग्देल | अधिकृत छैठौं | |
| २७ | रोशन कार्की | सू.प्र.अ. | |
| २८ | माधवराज जोशी | लेखा सहायक | |

## मिति २०८०/०८/२९ गते बसेको कटारी नगर कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु

### प्रस्तावहरु

१. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा।

२. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

३. ढुङ्गा,गिटी तथा बालुवाको बिक्रीको लागि बोलपत्र आव्हान सम्बन्धमा।

४. वडागत कार्यक्रम संशोधन ।

५. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा।

६. विविध।

### निर्णयहरु

१. कटारी नगरपालिकामा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना, सञ्चालन तथा व्यवस्थापनका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० बमोजिम तपसिल बमोजिमका सदस्यहरु रहने गरी स्थानीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन गर्ने ।

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख)प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) शिक्षा शाखा प्रमुख | सदस्य |
| घ) प्रहरी कार्यालय प्रमुख | सदस्य |
| ङ) जिल्ला खेलकुद विकास समितिका अध्यक्षले सदस्यहरु मध्ये तोकेको | सदस्य |
| च) सामुदायिक/संस्थागत विद्यालयहरुका शिक्षकहरु मध्ये कम्तीमा २ जना महिला शिक्षक पर्ने गरी ४ जना | सदस्य |
| छ)पूर्व खेलाडी/खेलप्रेमीहरु मध्येबाट संयोजकले तोकेको १ जना | सदस्य |
| ज) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख वा निजले तोकेको प्रशिक्षक/प्रतिनिधि | सदस्य |
| झ) सम्बन्धित खेल संघको प्रतिनिधि १/१ जना | सदस्य |
| ञ)प्रतियोगिता सञ्चालन हुने विद्यालयको प्रधानध्यापक वा संस्था प्रमुख | सदस्य |

२. यस कटारी नगरपालिका र श्री अनन्त ईञ्जिनियरिङ्ग कन्सल्टेन्ट, विराटनगरबीच सम्झौता भई कार्यदिश दिएकोमा उक्त फर्मबाट कार्य सम्पन्न गरी पेश भएको तपसिल बमोजिमको प्याकेज अनुसारको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) ०२ वर्षको लागि स्वीकृत गर्ने र जिल्ला समन्वय कार्यालय, गाईघाट र डिभिजन वन कार्यालय,कटारीलाई प्रतिवेदन स्वीकृति भएको जानकारी दिने ।

तपसिलः

- कटारी नगरपालिका क्षेत्र भित्रको तावा वडा नं. ०७ र वैद्यनाथ खोला वडा नं. ०६(प्याकेज १) क्षेत्रबाट नदीजन्य उत्खनन तथा संकलनको प्रभारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन
- कटारी नगरपालिका क्षेत्र भित्रको तावाखोला वडा नं. ३,४,५(प्याकेज २) क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन
- कटारी नगरपालिका क्षेत्र तावाखोला वडा नं. २, बेलसोत खोला वडा १ र कमला खोला वडा नं. ३(प्याकेज ३) क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन

३. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार नदीजन्य पदार्थ(ढुङ्गा,गिटी तथा बालुवा) तपसिल बमोजिमको प्याकेज अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र आव्हान गरी बिक्रीको प्रक्रिया अघि बढाउने ।

तपसिलः

- कटारी नगरपालिका क्षेत्र भित्रको तावा वडा नं. ०७ र वैद्यनाथ खोला वडा नं. ०६(प्याकेज १) क्षेत्रबाट नदीजन्य उत्खनन् तथा संकलन
- कटारी नगरपालिका क्षेत्र भित्रको तावाखोला वडा नं. ३,४,५(प्याकेज २) क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन
- कटारी नगरपालिका क्षेत्र तावाखोला वडा नं. २, बेलसोत खोला वडा १ र कमला खोला वडा नं. ३(प्याकेज ३) क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन

४. एघारौं नगरसभाबाट स्वीकृत तपसिल बमोजिमका कार्यक्रमलाई सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार संशोधन गर्ने ।

तपसिलः

| क्र.सं. | स्वीकृत कार्यक्रम | वडा नं. | बजेट | संशोधित कार्यक्रम | बजेट | कै. |
|---|---|---|---|---|---|---|
| १ | रानीडाँडा-सालपाखा सडक निर्माण | ०९ | २००००० | रानीडाँडा बेरौटा मौवाडाँडा सालपाखा सडक निर्माण | ६००००० | |
| २ | मौवाडाँडा सालपाखा सडक निर्माण | ०९ | २००००० | | | |
| ३ | बाझगाउँ सिंदुरेबेसी सडक निर्माण | ०९ | २००००० | | | |
| ४ | विपद व्यवस्थापन | ०९ | २००००० | वडा कार्यालयदेखि बाँझ गाँउ सडक मर्मत | २००००० | प्र. रो. का. साझेदारी |
| ५ | तावाखोला झो.पु वारी | ०७ | ४००००० | बुढाबुढी पाट्नेडाँडा सडक | २००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | देखि पाट्ने धर्मभकारी समानटोल जाने सडक | | | ढलान तथा ग्राभेल | | |
| | | | | गढीकोट पर्यटक व्यवस्थापन मर्जेतपुर | २००००० | प्र. रो. का. साझेदारी |

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम यस कटारी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्य गर्नका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम परामर्श सेवा खरिद गर्ने कार्यका लागि रु.५,००,०००/-(पाँच लाख मात्र) विनियोजन गरी आवश्यक प्रक्रिया अघि बढाउने।
स्रोतः सेवा र परामर्श खर्च(सर्वेक्षण,अनुसन्धान, डिजाईन र वकिल)

६. विविध

क) कटारी नगरपालिका अन्तर्गत रहेको कटारी अस्पतालको स्वीकृत दरबन्दी तेरिज अनुसार स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समुह, नवौ तह, वरिष्ठ मेडिकल सुपरीटेन्डेन्ट पदमा स्थायी पदपूर्ति नहुन्जेलका लागि करार सेवा मार्फत पदपूर्तिको प्रक्रिया अघि बढाउने कार्यका लागि पेश भएको टिप्पणी र आदेशलाई अनुमोदन गरी स्वीकृत गर्ने ।

ख) कटारी नगरपालिका वडा नं. ०३ स्थित मदन भण्डारी राजमार्गमा ट्राफिक प्रहरी विट निर्माण गर्दा भएको बिल बमोजिमको खर्च रु. ५७,९९७.२५(सन्ताउन्न हजार नौ सय सन्तानब्बे रुपैयाँ पैसा २५) सगरमाथा ग्रिल वर्कसपलाई भूक्तानी गर्ने ।
स्रोतः स्थानीय सुरक्षा निकाय सहयोग कार्यक्रम

ग) विभिन्न मितिमा दर्ता भएका आर्थिक सहयोगको निवेदनहरु मध्ये तपसिल बमोजिमको व्यक्ति/संस्थाहरुलाई अन्य समाजिक सहयता शीर्षकवाट खर्च लेख्ने ।

| सि. नं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | रकम (रु.) |
|---|---|---|---|---|
| १ | कालीमाया दनुवार | ७ | हात भाँचिएकोले उपचार गर्न/आर्थिक विपन्नता | ५०००/- |
| २ | राज कुमार अधिकारी | २ | घाँटीको अप्रेसन गर्नुपर्ने/आर्थिक विपन्नता | ५०००/- |
| ३ | कमल बहादुर कटुवाल | १ | मुटु सम्बन्धी बिरामी/आर्थिक विपन्नता | १००००/- |
| ४ | कृष्ण बहादुर क्याप्छाकी | ६ | दीर्घरोगी/ आर्थिक विपन्नता | ७०००/- |
| ५ | कृष्ण बहादुर बुढाथोकी | २ | उपचार खर्च/आर्थिक विपन्नता | ५०००/- |
| ६ | सविता कुमारी सार्की | ६ | मुटु रोगी/आर्थिक विपन्नता | ५०००/- |
| ७ | धन कुमारी वि.क. | १० | घर लडेको हुँदा मर्मत/आर्थिक विन्नता | ८०००/- |

घ) ईलाम नगरपालिका वडा नं. ०८ निवासी सन्देश रम्तेलले मेची महाकाली ह्वीलचेयर यात्राका लागि आर्थिक सहयोग माग गर्नुभएकाले रु. ५,०००/-आर्थिक सहयोग उपलधब्ध गराउने ।

स्रोतः जनतासँग मेयर कार्यक्रम

ङ) गराँस तेक्वान्दो डोजाङ्ग, कटारी-०२ लाई 11th Korean Ambassador Open International Taekwondo Championships 2023 मा सहभागी हुदाँ भएको व्यवस्थापन खर्च रु. १५०००/- उपलब्ध गराउने ।

स्रोतः खेलकुद कार्यक्रम

च) मिति २०८०/०५/३० गतेको कटारी नगर कार्यपालिका बैठकबाट कराते प्रतियोगिता आयोजनाका लागि रु. १००००० विनियोजन गरेकोमा उक्त कार्यक्रम सञ्चालन नहुने भनी नगर खेलकुद विकास समितिबाट निर्णय भई आएकाले तेक्वान्दो प्रतियोगितामा विनियोजित रकममा उक्त रकम थप गरी तेक्वान्दो प्रतियोगिता शीर्षकमा रु ५०००००/- व्यवस्थापन गरी सञ्चालनको प्रक्रिया अघि बढाउने ।

छ) कटारी नगरपालिकाका नगर प्रमुख ज्यूको अर्डर स्लिप बमोजिम ढुङ्गाना पुस्तक पसलबाट विभिन्न खेलकुद सामग्री उपलब्ध गराए वापत विल बमोजिम रु. ४६,१००/- भूक्तानी गर्ने ।

ज) कटारी नगरपालिकाको अर्डर स्लिप बमोजिम विभिन्न समयमा अतिथि सत्कारका क्रममा भएको बिल बमोजिमको खर्च रु. १८,६०० किचेन होम, कटारीलाई भूक्तानी गर्ने ।

स्रोतः विविध

झ) श्री मालपोत कार्यालय,उदयपुरबाट मिति २०८०/०८/२१ गतेको पत्रानुसार कार्यालय सञ्चालनको लागि कम्प्युटर र ब्याकअप ब्याट्री माग भई आएको हुँदा ०२(दुई) थान कम्प्युटर र ०१(एक)थान ब्याट्री खरिद गरी उपलब्ध गराउने ।

स्रोतःजि.स.स. साझेदारी

ञ) कटारी नगरपालिकाको अर्डर स्लिप बमोजिम विभिन्न समयमा अतिथि सत्कारका क्रममा भएको बिल बमोजिमको खर्च रु. ५८,१८३/- माछापुच्छ्रे होलिडे ईन, कटारीलाई भूक्तानी गर्ने ।

स्रोतः विविध

ट) नगर प्रमुखज्यूले विभिन्न मितिमा विभिन्न स्थानमा अनुगमन लगायतका कार्यहरु गर्दा भएको खर्च रु. १९,५००/- भूक्तानी गर्ने ।

स्रोतःविविध

ठ) कटारी नगरपालिका वडा नं. ०३ र ०४ मा ढल व्यवस्थापनका लागि नाला निर्माण सम्बन्धी कार्य गर्नका लागि भएको श्रमदान कार्यक्रममा भएका सहभागीहरुलाई खाना तथा खाजाको व्यवस्थापन गरे भएको खर्चको शोधभर्ना रकम रु ३४१००/- यस कार्यालयका सवारी चालक प्रेम शाहीलाई भूक्तानी गर्ने।

स्रोतः विविध

ड) नेपाल रेडक्रस सोसाईटी, उपशाखा कटारीबाट कटारी नगरपालिका वडा नं. ०४ स्थित उपशाखाको परिसरमा ईनार तथा ट्युबेल निर्माण गरी बिल भरपाई सहित भूक्तानीको लागि पेश गरेको हुँदा प्राविधिक मूल्यांकन बमोजिम बिल अनुसारको रकम भूक्तानी गर्ने ।

स्रोतःजनतासँग मेयर कार्यक्रम

ढ) प्रेस सेन्टर नेपाललाई प्रदेश स्तरीय मिडिया सम्मेलनमा भएको सहभागी हुँदा भएको खर्च रु १५०००(पन्ध्र हजार मात्र) रकम उपलब्ध गराउने ।

स्रोतः विविध

ण) Human rights and Environment development Center(Hurendec), त्रियुगा नगरपालिका वडा नं. १२, उदयपुरबाट यस कटारी नगरपालिका वडा नं. ०८ स्थित थलिया खानेपानी निर्माण परियोजनाको लागि तयार भएको प्राविधिक लागत अनुमान बमोजिम यस नगरपालिकाको लागत सहभागिताको प्रतिबद्धता सम्बन्धी जानकारी मिति २०८०/०८/१२ को पत्रबाट गराईएको हुँदा उक्त परियोजनाको लागि रु १२,००,०००/-लागत सहभागिता गर्ने ।

स्रोतः अ.ल्या.

त) श्री ए.पी. ईन्जिनियरिङ्ग, जावलाखेलद्वारा पेश गरेको कटारी नगरपालिकाको Municipal Transportation Master Plan(MTMP)को ड्राफ्ट रिपोर्टको सम्बन्धमा छलफल गरियो साथै कटारी नगरपालिकाका सम्बन्धित वडामा स्थलगत निरीक्षण गरी वडाबाट सिफारिस भई आए अनुसार सडकको न्युनतम मापदण्ड कायम गर्ने ।

थ) सितेरियो करौंते प्रगति डोजो, कटारी नगरपालिकालाई आवश्यक पर्ने खेल सामग्री खरिदका लागि रु १,२६,९००/- विनियोजन गरी सम्झौताको प्रक्रिया अघि बढाउने।

स्रोतः उपमेयरसँग नगर विकास कार्यक्रम

द) कटारी नगरपालिका वडा नं. १० निवासी श्री प्रेम बहादुर सुनुवारलाई तरकारी खेतीका लागि हिल टयांकी उपलब्ध गराउने ।

स्रोतः उपमेयरसँग नगर विकास कार्यक्रम

ध) घुर्मी युवा क्लब,कटारी नगरपालिका वडा नं. १४ लाई टेबल(थान ०५) र कुर्सी(थानः६०) खरिद गरी उपलब्ध गराउने ।

स्रोतः उपमेयरसँग नगर विकास कार्यक्रम

न) कटारी नगरपालिका वडा नं. १४ को घुर्मी लगायतका क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागि २,००,०००/- विनियोजन गरी आवश्यक कार्य गर्न घुर्मी युवा क्लबसँग सम्झौताको प्रक्रिया अघि बढाउने ।

स्रोतःफोहरमैला तथा नाला र ल्याण्डफिल्ड व्यवस्थापन

ऩ) शितल टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.लि, चितवनले सीप विकास सम्बन्धी छोटो अवधिको तालिम(प्लम्बिङ्ग) सञ्चालनका लागि पूर्व सहमति प्रदान गरी यस नगरपालिका भित्रबाछ ४० जना सहभागी छनौट गरी पठाउने ।

प) कटारी नगरपालिका वडा नं. ०७ निवासी चरित्र बहादुर नेपालीको स्वास्थ्यमा समस्या आई छ्योलिङ्ग बौद्ध गुम्बा व्यवस्थापन समिति, कटारी -०३ को एम्बुलेन्स प्रयोग गरी उपचारका लागि काठमाडौ लगेको र निजको आर्थिक अवस्था कमजोर भएकाले एम्बुलेन्सको भाडा बापतको रकम भूक्तानीको लागि माग भएको हुँदा रसिद बमोजिमको रकम रु. १५,५००/- भूक्तानी गर्ने ।

स्रोतःनिशुल्क सेवा सहयोग कार्यक्रम

फ) सिन्धुलीको मरिनमा भएको माझी गोल्डकप फुटबल प्रतियोगितामा खेलाडीलाई आवतजावत लगायतका व्यवस्थापनको कार्य गर्दा भएको खर्च उपलब्ध गराउने ।

स्रोतःखेलकुद कार्यक्रम

ब) नेपाल विद्युत प्राधिकरणलको सोलु करिडोर १३२ के.भि. प्रशासरण लाईन निर्माण आयोजनाको उदयपुर जिल्लाको वन क्षेत्रमा पर्ने प्रसारण लाईन निर्माण गर्ने कार्य अन्तर्गत स्थायी रुपमा प्रयोग गरेको(टावर निर्माण गर्न) जग्गा वापत सट्टा भर्ना जग्गा उपलब्ध गराउनुपर्ने भएकाले आयोजनाले उदयपुर जिल्लाको कटारी नगरपालिकामा टावर फाउन्डेसनहरु निर्माण गर्न २.८ हे. जग्गा स्थायी रुपमा प्रयोग गरेकोले कटारी नगरपालिका भित्र वनसँग जोडिएको न्युनतम मूल्य पर्ने २.८ हे. जग्गा उपलब्ध गराउनुपर्ने भएकाले वन क्षेत्रको नजिक पर्ने जग्गाको विवरण वडा कार्यालहरुबाट माग गरी उक्त विवरण आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

भ) कटारी नगरपालिका वडा नं. ०९ लिम्पाटारको आयुर्वेद केन्द्रको पुरानो खाली भवन बर्थिङ्ग सेन्टर सुरुवात गर्ने र सो वर्थिङ्ग सेन्टरका लागि आवश्यक औजार उपकरण व्यवस्थापनका लागि वल्ड भिजनको आर्थिक सहयोगमा मानव अधिकार तथा वातावरण केन्द्र(हुरेण्डेक) लाई अनुरोध गर्ने ।

म) स्वास्थ्य चौकीको वारिङ्ग मर्मत र मिटर वक्स जडान, इन्टरनेट जडान लागि भएको खर्चको भूक्तानी साथै पानी, बिजुलीको मासिक महसुल भूक्तानीको व्यवस्था सम्बन्धित वडा कार्यालयको वडा कार्यालय व्यवस्थापन शीर्षकबाट गर्ने ।

य) श्री देवी आभारभूत विद्यालय,वैरेनी, कटारी-४ ले मिटर बक्स जडान, सिलिङ्ग फ्यान जडान तथा वाईरिङ लगायतका कार्य गरी भूक्तानीको लागि बिल भरपाई सहित पेश गरेको हुँदा बिल भरपाई बमोजिमको रकम उपलब्ध गराउने ।
स्रोतः उपमेयरसँग नगर विकास कार्यक्रम

र) श्री भगवती आभारभूत विद्यालय,सिसाघारी झोराटोल, कटारी-५ ले मिटर बक्स जडान तथा वाईरिङ लगायतका कार्य गरी भूक्तानीको लागि बिल भरपाई सहित पेश गरेको हुँदा बिल भरपाई बमोजिमको रकम उपलब्ध गराउने ।
स्रोतः उपमेयरसँग नगर विकास कार्यक्रम

ऱ) कटारी नगर अपाङ्ग संघ कटारी नगरपालिका, कटारी न.पा.-०३, उदयपुरबाट चार पाङ्ग्रे स्कुटरका लागि माग भई आएको हुँदा स्कुटरका लागि सम्बन्धित निकायमा पहल गर्ने ।